बैठक संख्या: ४।२०८२-२०८३
बैठक मिति:२०८२।०४।२२ विहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८२।०४।२२ गते बिहिबार विहान ८:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री तारा थापा | का.वा. नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री रामभरोसी रौनियार | का.वा. वडाध्यक्ष वडा नं. १ | |
| ३ | श्री राम नारायण चौधरी | वडाध्यक्ष वडा नं. २ | |
| ४ | श्री अनिल प्रसाद पराजुली | का.वा. वडाध्यक्ष वडा नं. ३ | |
| ५ | श्री कमल कार्की | वडाध्यक्ष वडा नं. ४ | |
| ६ | श्री लेखनाथ बास्तोला | वडाध्यक्ष वडा नं. ५ | |
| ७ | श्री शिव शंकर राजधामी | वडाध्यक्ष वडा नं. ६ | |
| ८ | श्री केशव गौतम | वडाध्यक्ष वडा नं. ७ | |
| ९ | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष वडा नं. ८ | |
| १० | श्री घनश्याम चौधरी | वडाध्यक्ष वडा नं. ९ | |
| ११ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १२ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १३ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १४ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १५ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १६ | श्री सरिता परियार | कार्यपालिका सदस्य | |
| १७ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १८ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १९ | श्री प्रमोद कुमार चौधरी | प्रमुख प्रशासकीय अधिकृत | |
| | | | |

बैठक संख्या: ४।२०८२-२०८३
बैठक मिति:२०८२।०४।२२ विहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

| अन्य उपस्थिति: कर्मचारी | | | |
|---|---|---|---|
| १ | श्री सन्दिप कु. झा | इन्जिनियर | |
| २ | श्री सरोज कोईराला | सूचना प्रविधि अधिकृत | |
| ३ | श्री प्रबिन साह | इन्जिनियर | |
| ४ | श्री निरज चौधरी | स.क.अ | |

**प्रस्तावहरु.**

१. प्रस्ताव नं. १: धुराहा स्टेडियम निर्माण कार्य सम्वन्धमा ।

२. प्रस्ताव नं. २: १५ सैंया नगर अस्पतालको कार्य सुचारु गर्ने सम्वन्धमा ।

३. प्रस्ताव नं. ३: विविध ।

**निर्णयहरु**

**निर्णय नं.१**

रामधुनी नगरपालिकाको ठेक्का नं. RMY/NCB/१५/०८१/०८२ Adhuro dhurha stediyam Nirman ward no -९ को निर्माण कार्यका लागि २०८१/१०/०६ मा श्री Abhay Chandra Builders & Engineers Pvt. Ltd, Barahkshetra-३, Sunsari र रामधुनी नगरपालिका बीच भएको सम्झौता वमोजिम कार्य गर्ने क्रममा धुरहा खेल मैदानको पहिलो तल्लाको Slab र Parapet को RMC प्रविधिबाट M२० Grade को ढलान गरेको १२ घण्टा सम्ममा पनि ढलानगर्दा प्रयोग भएको Concrete Setting नभएकोले श्री इटहरी उप-महानगरपालिकाको ल्याब लाई ढलान भएको Slab बाट Concrete Core Sample Cutting गरि ल्याव परिक्षण गरिदिनुहुन भनि पत्राचार गरेको र इटहरी उप-महानगरपालिकाको ल्याबबाट परिक्षण भई प्राप्त भएको Lab-003/082/83 को रिपोर्ट मा Average Compressive Strength >८५% of Grade of Concrete (i.e. १७ N/mm२) आउनुपर्नेमा ८.१६ N/mm२ मात्र आएकोले यसै रिपोर्टको आधारमा धुरहा खेल मैदानको पहिलो तल्लाको Slab र Parapet को ढलान कार्य लाई स्वीकार गर्न नमिल्ने भएकोले उक्त कार्य लाई पूर्ण रुपमा भत्काई कार्तिक मसान्त सम्म म्याद थप गरि पुन निर्माण गराउने निर्णय गरियो ।

बैठक संख्या: ४।२०८२-२०८३
बैठक मिति:२०८२।०४।२२ विहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.२**

रामधुनी नगरपालिकाको ठेक्का नं. RMY/NCB/BUILDING/०७-०७७-०७८ Construction of Primary Hospital (१५ Bed) at Ramdhuni Ward No.६ निर्माण कार्यको सम्बन्धमा नेपाल मध्यस्थता परिषद, कुपण्डोल, ललितपुरमा गठित मध्यस्थ (मुख्य मध्यस्थ श्री डा. कुमार शर्मा आचार्य, मध्यस्थ श्री दिपक नाथ चालिसे, मध्यस्थ श्री रमेश राज रेग्मी) ट्राईवुनलले मिति २०८२/०३/०२ गते गरेको निर्णय (Award) लाई ललितपुर जिल्ला अदालत, लगनखेल, ललितपुरको पत्र सं.२०८२/०८३ चलानी नं.१२७ मिति२०८२/०४/१५ गतेको पत्रबाट मध्यस्थ ट्राईवुनलको मिति२०८२/०३/०२ मा भएको निर्णय कार्यान्वयनको लागि पत्राचार गरेको र रामधुनी नगरपालिका नगर कार्यपालिकाको मिति २०८२/०४/१७ गतेको बैठकबाट मध्यस्थ ट्राईवुनलको निर्णय कार्यन्वयन गर्ने निर्णय भएकोले तपसिल वमोजिम निर्णय गरियो ।

तपसिलः

१. निर्माण व्यवसायी श्री भूमी-वुद्ध-ओम वुद्ध जे.भि, विराटनगर, मोरंगले माछापुच्छ्रे वैंक लिमिटेडको स्वयम्भु, काठमाण्डौ शाखा कार्यालयवाट रामधुनी नगरपालिकाको नाममा जारी भएको वैंक जमानत नं. 026PBGTE8300027 रकम रु.३,०३,३७,५००।- ( अक्षरेपी तिन करोर तिन लाख सैतिस हजार पाँच सय रुपैंया मात्र) को कार्यसम्पादन जमानत वापतको वैंक गयारेन्टी पेश गरेकोले ठेक्का नं. RMY/NCB/BUILDING/07-077-078 Construction of Primary Hospital (१५ Bed) at Ramdhuni Ward No.६ निर्माण कार्यको लागि रामधुनी नगरपालिका र श्री भूमी-वुद्ध-ओम वुद्ध जे.भि, विराटनगर, मोरंगवीच मिति २०७८/०७/०१ मा भएको सम्झौतालाई रामधुनी नगरपालिका नगर कार्यपालिकाको मिति २०८०/०९/२७ गतेको बैठकवाट ठेक्का अन्त्य गर्ने गरि भएको निर्णयलाई नेपाल मध्यस्थता परिषद, कुपण्डोल, ललितपुरमा गठित मध्यस्थ ट्राईवुनलको मिति२०८२/०३/०२ को निर्णय (Award) वमोजिम कार्यन्वयन नगरी निर्माण कार्य पुनः सुचारु गर्ने निर्णय गरियो ।

२. निर्माण व्यवसायी श्री भूमी-वुद्ध-ओम वुद्ध जे.भि, विराटनगर, मोरंगलाई ठेक्का नं. RMY/NCB/BUILDING/07-077-078 Construction of Primary Hospital (१५ Bed) at Ramdhuni Ward No.६ निर्माण कार्य अलपत्र परेको विषयमा रामधुनी नगरपालिकावाट सिफारिस भई सर्वाजनिक खरिद अनुगमन कार्यालय बाट कालोसूचीमा राखिएकोमा नेपाल मध्यस्थता परिषद, कुपण्डोल, ललितपुरमा गठित मध्यस्थ ट्राईवुनलको मिति२०८२/०३/०२ को निर्णय (Award) वमोजिम निर्माण कार्य पुनः सुचारु भएकोले श्री भूमी-वुद्ध-ओम वुद्ध

बैठक संख्या: ४।२०८२-२०८३
बैठक मिति:२०८२।०४।२२ विहान ८:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

जे.भि, बिराटनगर, मोरंगलाई कालोसूचीबाट हटाईदिनुहुनका लागि सर्वाजनिक खरिद अनुगमन कार्यालय, केसरमहल, काठमाण्डौमा अनुरोध सहित सिफारिस गर्ने निर्णय गरियो।

३. निर्माण व्यवसायी श्री भूमी-बुद्ध-ओम बुद्ध जे.भि, बिराटनगर, मोरंगलाई ठेक्का नं. RMY/NCB/BUILDING/07-077-078 Construction of Primary Hospital (१५ Bed) at Ramdhuni Ward No.६ निर्माण कार्य अलपत्र परेकोले उक्त कार्य सम्पन्न गर्न लागने सम्पूर्ण रकम सरकारी बाँकी सरह असुल गर्न तहसिल कार्यालयलाई पत्राचार गरि प्रकृया अगाडी बढाइएकोमा नेपाल मध्यस्थता परिषद, कुपण्डोल, ललितपुरमा गठित मध्यस्थ ट्राईवुनलको मिति२०८२/०३/०२ को निर्णय (Award) वमोजिम निर्माण कार्य पुनः सुचारु भएकोले सरकारी बाँकी सरह असुल गर्ने प्रकृया स्थगनको लागि कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालय, बबरमहल, काठमाण्डौमा अनुरोध सहित सिफारिस गर्ने निर्णय गरियो ।

४. ठेक्का नं. RMY/NCB/BUILDING/07-077-078 Construction of Primary Hospital (१५ Bed) at Ramdhuni Ward No.६ निर्माण कार्यको लागि नेपाल मध्यस्थता परिषद, कुपण्डोल, ललितपुरमा गठित मध्यस्थ ट्राईवुनलको मिति२०८२/०३/०२ को निर्णय (Award) मा भएका प्रावधानहरुलाई कार्यन्वयन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.३(क)</u>

रामधुनी न.पा. वडा नं. २ को च.नं. ००२५८ मिति २०८२।०४।२० गतेको पत्रानुसार वडा नं. २ मा वस्ने राज कुमारी मोची लाई पाठेघर सम्बन्धी रोग बाट पिडित भई हेरीटेज अस्पताल विराटनगरमा उपचार भइरहेको हुँदा निज लाई औषधी उपचारका लागि आर्थिक सहयोग वापत् रकम रु १०,०००।- औषधी उपचार शीर्षक बाट भुक्तानी गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.३(ख)</u>

रामधुनी नगरपालिकाको आ.व. २०८२।०८३ मा नगर तथा वडाको विनियोजित मर्मत संभारको वजेट रकम बाट सडक मर्मत संभारका लागि एकमुस्ट ग्राभेलको ठेक्का आव्हान गरि वर्षौ भरी मर्मत संभार गर्नको लागि देहाय वमोजिनको मापदण्ड अपनाई मर्मत कार्य गर्ने निर्णय गरियो ।
देहायः

१. मर्मत गर्नु पर्ने सडकको फोटो राख्नु पर्ने ।
२. प्राविधिकको प्रत्यक्ष निगरानीमा मुचुल्का बनाई मर्मत कार्य गराउने ।

३. मर्मत कार्य भए पश्चातको फोटो राख्नु पर्ने ।

**निर्णय नं.३(ग)**

रामधुनी नगरपालिकामा कार्यरत तपसिलका कर्मचारीहरुलाई देहाय बमोजिमको एलेक्ट्रिक साधन उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल:

१. अमन ढुङ्गेल - एलेक्ट्रिक स्कुटर
२. भवानी प्रसाद ढकाल - एलेक्ट्रिक साईकल



CamScanner